प्रमुख राष्ट्रिय दैनिकहरुमा २०७३ सालको फागुन महिनाभर छापिएका समाचार/लेखको स्थिति :

| पत्रिका | समाचार | सम्पादकीय | लेख | अर्न्तवार्ता | पाठकपत्र | जम्मा |
|---|---|---|---|---|---|---|
| नागरिक | २० | ० | ४ | ० | ७ | ३१ |
| कान्तिपुर | ५४ | १ | ८ | १ | २ | ६६ |
| गोरखापत्र | ४१ | १ | ६ | ० | ३ | ५१ |
| राजधानी | ४१ | १ | ८ | ० | ० | ५० |
| नयाँ पत्रिका | ४५ | ३ | ५ | २ | ९ | ६४ |
| अन्नपूर्ण पोष्ट | ६३ | २ | २ | ४ | २ | ७३ |
| जम्मा | २६४ | ८ | ३३ | ७ | २३ | ३३५ |




प्रमुख राष्ट्रिय दैनिकहरुमा फागुन महिनाभर काठमाडौं उपत्यका र उपत्यका वाहिरको डेटलाइनमा छापिएका समाचारको स्थिति :

| समाचारको डेटलाइन | नागरिक | कान्तिपुर | गोरखापत्र | राजधानी | नयाँ पत्रिका | अन्नपूर्ण पोष्ट | जम्मा |
|---|---|---|---|---|---|---|---|
| काठमाडौं उपत्यका | १० | २३ | १७ | २२ | ३० | २७ | १२९ |
| उपत्यका वाहिर | १० | ३१ | २४ | १९ | १५ | ३६ | १३५ |
| जम्मा | २० | ५४ | ४१ | ४१ | ४५ | ६३ | २६४ |

नागरिक दैनिकमा छापिएका उपत्यका वाहिरका १० वटा शिक्षा समाचारमध्ये ३ वटा खोटाङ जिल्लाका हुन् । वीरगञ्ज डेटलाइनका २ वटा तथा म्याग्दी, झापा, चितवन, गोरखा र कालिकोट डेटलाइनका १/१ वटा समाचारले नागरिकमा स्थान पाएका छन् । कान्तिपुरमा उपत्यका वाहिरका ३१ वटा समाचार छापिएकामा १९ जिल्ला समेटिएका छन् । कञ्चनपुर डेटलाइनमा सबैभन्दा धेरै ४ समाचार प्रकाशित भएका छन् । राजधानीमा प्रकाशित उपत्यकावाहिरका १९ समाचारले १४ वटा जिल्ला समेटेको पाइयो भने गोरखापत्रमा १६ जिल्लाका शैक्षिक समाचारलाई स्थान दिइएको छ । नयाँ पत्रिकामा ११ जिल्लाका शैक्षिक समाचारले स्थान पाउँदा उपत्यका वाहिरका सबैभन्दा धेरै समाचार प्रकाशन गरेको अन्नपूर्ण पोष्टले २६ जिल्लाका समाचारलाई स्थान दिएको छ ।




## समाचारमा तस्विर

कान्तिपुरमा उपत्यका वाहिरका ३० वटा समाचार प्रकाशन भएकामा ९ वटा समाचारमा तस्विर समावेश छ । कान्तिपुरले उपत्यकाका समाचारमा भने ४ वटा मात्र तस्विर प्रकाशन गरेको पाइयो । नागरिकमा ७ वटा समाचारमा तस्विर समावेश गरिएकामा ४ वटा तस्विर उपत्यका वाहिरका समाचारसँग सम्बन्धित हुन् । राजधानीमा तस्विरसहितका ४ समाचार प्रकाशित भएकामा २ वटा उपत्यका वाहिरका भएको पाइयो । गोरखापत्रमा तस्विरसहितका पाँचवटा समाचार प्रकाशित भएकामा चार वटा समाचार उपत्यका वाहिरका हुन् । नयाँ पत्रिकामा एक महिनामा शिक्षासँग सम्बन्धित ३० वटा तस्विर प्रकाशित भएका छन् र ती मध्ये १६ वटा तस्विर स्ववियु निर्वाचनसँग सम्बन्धित समाचारका हुन् । अन्नपूर्ण पोष्टमा प्रकाशित भएका शिक्षा सम्बन्धी समाचारमध्ये २९ वटा समाचारमा तस्विरलाई पनि स्थान दिइएको छ । ६ वटा पत्रिकामा शिक्षा सम्बन्धि ८४ वटा तस्विर छापिएकामा तस्विरको स्थिति तलको चार्टमा प्रस्तुत गरिएको छ ।




## समाचारमा स्ववियु निर्वाचन

नागरिकमा प्रकाशित समाचारमध्ये ११ वटा विद्यालय शिक्षा तथा ९ वटा उच्चशिक्षासँग सम्बन्धित भएकामा ७ वटा समाचार स्ववियु निर्वाचनसँग सम्बन्धित भएको पाइयो । कान्तिपुरमा १४ वटा समाचार स्ववियु निर्वाचनसँग सम्बन्धित देखिए । राजधानीमा छापिएका समाचारमध्ये १४ वटा स्ववियु निर्वाचनसँग सम्बन्धित हुन् भने गोरखापत्रले पनि फागुन महिनामा स्ववियु चुनाव सम्बन्धी समाचार १४ वटा नै समाचार प्रकाशित गरेको छ । नयाँ पत्रिकामा छापिएका २४ वटा समाचार स्ववियु निर्वाचनसँग सम्बन्धित छन् । नयाँ पत्रिकाले शिक्षा सम्बन्धी पाँच दिन हाफ पेज र एक दिन पूरा पेज समाचार प्रकाशित गरेकामा ती सबै समाचार स्ववियु निर्वाचनसँग सम्बन्धित रहेका छन् । अन्नपूर्ण पोष्टले स्ववियु निर्वाचनसँग सम्बन्धित १६ वटा समाचार प्रकाशित गरेको छ ।

## सम्पादकीय पनि स्ववियु निर्वाचनमै केन्द्रीत

एक महिनाको अवधिमा ६ वटा पत्रिकामा ८ वटा सम्पादकीय प्रकाशित भएकामा ६ वटा सम्पादकीय स्ववियु निर्वाचनमा केन्द्रीत भएर लेखिएका छन् । नयाँ पत्रिकाले अख्तियारले त्रिवि सेवा आयोगमा छापा मारेर उपप्राध्यापक छनोटका लागि लिइएको २२ विषयका उत्तरपुस्तिका नियन्त्रणमा लिएको प्रसंगमा शिक्षाकै मन्दिरमा अनियमितता शिर्षकमा तथा गोरखापत्रले शिक्षा ऐन प्रमाणिकरण भएको ८ महिना वित्दासम्म नियमावली जारी हुन नसकेको विषयमा केन्द्रीत रहेर शिक्षा नियमावलीको अपेक्षा शिर्षकको

सम्पादकीय लेखेवाहेक बाँकि ६ सम्पादकीय स्ववियु निर्वाचनसँग सम्बन्धित छन् । नागरिक दैनिकले त एक महिनाको अवधिमा शिक्षाको विषयमा एउटै सम्पादकीय लेखेन ।

**सम्पादकीयका शिर्षक**

| पत्रिका | शिर्षक |
|---|---|
| कान्तिपुर | स्ववियुको साख |
| गोरखापत्र | शिक्षा नियमावलीको अपेक्षा |
| राजधानी | संयमित बन विद्यार्थी संगठन |
| नयाँ पत्रिका | विद्यार्थी युनियन र ध्वंश, समयमै स्ववियु निर्वाचन,<br>शिक्षाकै मन्दिरमा अनियमितता |
| अन्नपूर्ण पोष्ट | स्ववियु निर्वाचन, स्ववियु राजनीति |

**बन्दका कारण**

खोटाङको विजयखर्क, राजापानी, बुईंपा र नुनथला गाविसवासीले स्थानीय तह पुनर्संरचनाप्रति असन्तुष्टि जनाउँदै चार गाविसका विद्यालय चार दिन बन्द गरेको तथा चितवनको काउले गाविसको राक्सिराङस्थित ३ कक्षासम्मको विद्यालय भवन भूकम्पले भत्किएपछि त्यहाँ पठनपाठन हुन नसकेको समाचारलाई नागरिकमा चार कोलममा तस्विरसहित प्रकाशित गरिएको छ । खोटाङका विद्यालय बन्द भएको समाचारलाई नागरिक वाहेकका अन्य पत्रिकामा स्थान पाएको देखिएन । कान्तिपुरले भने खोटाङका २ वटा प्राथमिक विद्यालय शिक्षकको अभावमा एक महिनादेखि बन्द भएको समाचार प्रकाशित गरेको छ । इन्जिनियरिङका विद्यार्थीको आन्दोलनका कारण सुदूरपश्चिम विश्वविद्यालय तीन सातादेखि ठप्प भएको समाचार कान्तिपुरमा तस्विरसहित तीन कोलममा प्रकाशित गरेको छ ।

**दण्डका कारण कानको जाली गयो**

एम्बिसन एकेडेमीमा शिक्षक दावा मोक्तानले ५ कक्षाका विद्यार्थी जेनिश राईलाई मसी भर्न बेन्च बाट उठ्दा निलडाम हुनेगरी मुक्का हानेको समाचार प्रकाशित गरेको छ भने नयाँ पत्रिकाले कक्षामा ढिला आएको भन्दै रुकुमको यमुनाचन्द्र नमुना माविका ७ कक्षाका विद्यार्थी अशोक शर्मालाई शिक्षक देवबहादुर बुढाको कुटाइका कारण कानको जाली फुटेकोले जिल्ला अस्पतालमा उपचार हुन नसकेर काठमाडौं लानुपरेको समाचारलाई तस्विरसहित चार कोलममा प्रकाशित गरेको छ ।

## विद्यालय आउजाउमा अझै ६ घण्टा

रामेछापको रामपुर गाविसमा निमावि तहको विद्यालय नभएकाले त्यहाँका विद्यार्थीले सिन्धुलीको बाल सेकेण्डरीमा जान दैनिक ६ घण्टा हिंड्नुपर्ने वाध्यता रहेको समाचार नयाँ पत्रिकाले प्रकाशित गरेको छ भने कान्तिपुर र नागरिकले ललितपुरको गिम्दीस्थित नारायणी उच्च माविमा पढ्नका लागि मकवानपुरको मन्थली र बेतिनीका विद्यार्थीले दैनिक ६ घण्टा हिंड्नपर्ने वाध्यता रहेको समाचार तस्विरसहित प्रकाशित गरेका छन् । अन्नपूर्ण पोष्टले बैतडीको कलौनीमा मावि स्कुल नभएकाले त्यहाँका विद्यार्थीले सनातन धर्म माविमा गएर अध्ययनका लागि दैनिक ४ घण्टा आउजाउ गर्नपर्ने अवस्था रहेको र बगडीखोलाको पुल पाँच वर्ष अगाडि बगेकाले वर्षायाममा बाढीका कारण विद्यालय नै जान नसक्ने अवस्था रहेको समाचार विद्यार्थीको तस्विरसहित प्रकाशित गरेको छ ।

## समाचारका विषयवस्तु

सल्यान, लमजुङ, काठमाडौं र पाल्पाका सामुदायिक विद्यालयमा गुणस्तरको अभावमा विद्यार्थीको संख्या न्युन हुँदै गएको र शिक्षकहरुले हाजिर गरेका भरमा जागिर पकाउने गरेको तथा रुपन्देहीमा शैक्षिक गुणस्तरका कारण निजी विद्यालय छोडेर सामुदायिक विद्यालयमा भर्ना हुने क्रम बढेको समाचारलाई महत्व दिएको देखियो । कान्तिपुरले राजनीतिक भागबण्डा नमिल्दा विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेको, शिक्षा ऐन विपरित शिक्षकहरु राजनीतिक दलको जिल्ला कार्यसमितिमा बसेको अर्थात शिक्षकलाई दलले संरक्षण दिंदै आएको, बजेट भएर पनि विद्यालय पुनर्निर्माण हुन नसकेको, पुस्तकको रकम निकासामा भएको ढिलाइका कारण विद्यार्थीले आफ्नै खर्चमा पुस्तक किन्नुपरेको समाचारलाई महत्व दिएको छ ।

राजधानीमा विद्यालय शिक्षासँग सम्बन्धित समाचारमध्ये एउटा समाचारमा कालिकोटका तीन शिक्षकले राजनीति गर्नका लागि राजिनामा दिएको, एउटा समाचारमा जाजरकोटको मालिका प्राविमा गयल विद्यार्थीका अभिभावकले विद्यालयमा काम गर्नुपर्ने र भक्तपुरमा आफूले भनेको शिक्षकलाई प्रअ नियुक्त नगरिएको विरोधमा नेपाली काँग्रेसले विद्यालयमा तालाबन्दी गरेको विषय उठाइएको छ ।

गोरखापत्रमा तीनवटा उही समाचार दुईपटक प्रकाशित भएका छन् भने खोजी समाचार कमै मात्र प्रकाशित भएका छन् । दलित छात्रवृत्तिमा अनियमितता शिर्षकको बारा डेटलाइनको समाचार जम्मा ६३ शब्दको छ । कुन विद्यालयमा कति विद्यार्थीको छात्रवृत्तिको रकम अनियमितता भएको भन्ने बारेमा समाचारमा केही उल्लेख छैन ।

कान्तिपुरले बजेट भएर पनि विद्यालयको पुनर्निर्माणको काम अगाडि बढ्न नसकेको भनेर समाचार प्रकाशन गरेकामा गोरखापत्रले भने विद्यालय पुनर्निर्माणमा स्रोतको अभाव शिर्षकमा चार कोलमको

समाचार प्रकाशित गरेको पाइयो । एउटै विषयमा दुई फरक समाचार आएका कारण कसलाई पत्याउने ?

नयाँ पत्रिकामा छापिएका समाचारमध्ये १९ वटा समाचार विद्यालय शिक्षासँग तथा बाँकि २६ वटा उच्च शिक्षासँग सम्बन्धित हुन् ।

अन्नपूर्ण पोष्टमा फागुन महिनामा ६३ वटा समाचार प्रकाशित भएकामा ३९ वटा समाचार विद्यालय शिक्षासँग सम्बन्धित छन् । अन्नपूर्ण पोष्टमा मंगलबार शिक्षा पृष्ठ प्रकाशित हुने गरेकामा चार दिन हाफ पेज स्थान दिएर विद्यालयको प्रोफाइल प्रकाशन गरिएको छ । दलहरुको द्वन्द्वले बुटवलका शैक्षिक गुणस्तरका आधारमा कहलिएका कालिका, नविन औद्योगिक लगायतका २५ विद्यालयमा व्यवस्थापन समिति गठन हुन नसकेको, पढ्ने उमेरका बालिबालिका सप्तरीमा आफ्ना अभिभावकसँग जेलमा रहेको, चितवनमा पढ्ने उमेरमा भागेर विहे गरेको, बैतडी सदरमुकामबाट दुई दिनको पैदल दूरीमा पर्ने तल्लो सोराडमा रहेको कुमाउ माविले विद्यार्थी आकर्षित गर्न प्राथमिक कक्षामा अंग्रेजी भाषामा पठनपाठन सुरु गरिएको समाचारलाई तस्विरसहित प्रकाशन गरेको छ । कुमाउ स्कुललाई मात्र आधार बनाएर लेखिएको ५ कोलमको समाचारको  शिर्षक विद्यार्थी तान्दै दुर्गमका विद्यालय राखिएको छ ।

**समाचारको प्राथमिकता**

समाचार छापिएको पृष्ठ र समाचारलाई दिइएको स्थान (कोलम)का आधारमा समाचार कति महत्वको हो भन्ने मापन गरिन्छ । कोलमले महत्व दर्शाउने गरेपनि पत्रिकाहरुले महत्वका आधारमा भन्दा पेजको सेटिङ मिलाउनका लागि कोलमको प्रयोग गर्ने गरेको पाइयो । जस्तो कि नागरिकमा त्रिवि प्राध्यापक संघका सभापति योगेन्द्रनारायण बडबडियालाई कोट गरेर प्रधानमन्त्री स्ववियु चुनाव चाहँदैनन् शिर्षकमा ६ कोलमको समाचार प्रकाशित भएको छ । कान्तिपुरमा प्रादेशिक पाठ्यक्रममा जोड र शैक्षिक नीतिमा परिवर्तन आवश्यक शिर्षकमा अन्तर्क्रियाको समाचार तथा अधिकांशमा नेविसंघ र अखिल शिर्षकमा स्ववियु निर्वाचनको परिणामलाई पाँच कोलममा प्रकाशित गरिएको छ तर चार जिल्लाको केस समावेश गरेर लेखिएको दलको संरक्षणमा शिक्षकहरु राजनीतिमा शिर्षकको समाचारलाई ३ कोलम स्थान दिइएको छ । राजधानीमा अनेरास्ववियु-नेविसंघ प्रतिस्पर्धा शिर्षकको समाचारलाई पाँच कोलममा प्रकाशित गरिएको छ भने शिक्षकको उत्तरपुस्तिका वहुपरीक्षकद्धारा परीक्षण शिर्षकको समाचार गोरखापत्रमा पाँच कोलममा प्रकाशित भएको छ । नयाँ पत्रिकाले उपत्यकाका ठूला क्याम्पसमा चुनाव नहुने शिर्षकको समाचारलाई ब्यानर बनाएर सात कोलममा तथा स्ववियु निर्वाचनमा नेविसंघलाई अग्रता शिर्षकको समाचारलाई ६ कोलममा प्रकाशित गरेको पाइयो । अन्नपूर्ण पोष्टमा खेल्ने पढ्ने  उमेरमा दाम्लोको बन्धन, २५ विद्यालय व्यवस्थापन समितिविहिन, दिउसो स्कुल जान्छन्, राति रिक्सा चलाउँछन्, विवादित ठाउँको चुनाव जिम्मा क्याम्पस प्रशासनलाई, शिक्षामन्त्रीका ६ महिना र विद्यार्थी तान्दै दुर्गमका विद्यालय शिर्षकका समाचार तथा फिचर ५ कोलममा प्रकाशित भएका छन् ।

कोलमका आधारमा पत्रिकाहरुमा छापिएका समाचारको समाचारको स्थिति :

| पत्रिका | १ कोलम | २ कोलम | ३ कोलम | ४ कोलम | ५ कोलम | ६ कोलम | ७ कोलम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नागरिक | १ | ७ | ४ | ५ | २ | १ | ० | २० |
| कान्तिपुर | १० | १५ | १३ | ९ | ७ | ० | ० | ५४ |
| गोरखापत्र | ५ | १७ | १३ | ५ | १ | ० | ० | ४१ |
| राजधानी | ४ | १२ | ७ | १७ | १ | ० | ० | ४१ |
| नयाँ पत्रिका | ४ | ७ | २१ | ११ | ० | १ | १ | ४५ |
| अन्नपूर्ण पोष्ट | ६ | १४ | १६ | २१ | ६ | ० | ० | ६३ |
| जम्मा | ३० | ७२ | ७४ | ६८ | १७ | २ | १ | २६४ |




## खोजी समाचार र फिचरका शिर्षक

### नागरिक

१. दलको ढिपीले सरकारी विद्यालय अस्तव्यस्त झापा
२. चेपाङ गाउँमा भूकम्पपछि रोकियो पढाइ
३. ६ घण्टा हिंडेर स्कुल
४. त्रिविमा शोधपत्र ऐच्छिक

५. स्नातकोत्तरमा विषय गाभ्दै त्रिवि

**गोरखापत्र**

१. विद्यालय पुनर्निर्माणमा स्रोतको अभाव
२. स्थायी शिक्षकको नयाँ पदपूर्ति प्रक्रियामा समस्या

**राजधानी**

१. पढाइ छोडेर किशोरीमै घरजम बर्दिया फिचर
२. मन्द गतिमा शैक्षिक सुधारको योजना

**कान्तिपुर**

१. निजी विद्यालय छोडेर सामुदायिक
२. विद्यालय निरीक्षकको ठाडो हस्तक्षेप, शिक्षक परीक्षा स्थगित
३. २ अर्ब खातामा, विद्यार्थी छाप्रोमा
४. दलकै संरक्षणमा शिक्षकहरु राजनीतिमा
५. भर्ना हुँदा छात्र बढी, परीक्षा दिंदा छात्रा
६. प्राविमा १४ विद्यार्थी
७. पाल्पामा पनि उस्तै अवस्था
८. तीन घण्टा हिंडेर स्कुल
९. झोले विद्यालय किनबेच बढ्यो
१०. शिक्षकहरु दलमै सक्रिय
११. पाठ्यपुस्तक पुगे, रकम पुगेन
१२. समिति गठनमा वाधा
१३. खोइ किताब ?

**नयाँ पत्रिका**

१. आठ महिनादेखि विद्यालय कर्मचारीले तलब पाएनन्
२. काठमाडौंका विद्यालयमा विद्यार्थी खडेरी
३. भुईंमै बसेर पढ्छन बालबालिका
४. ११७ विद्यार्थी परीक्षा दिनबाट वञ्चित
५. विद्यालय पुग्न दैनिक ६ घटा पैदल
६. घँसियार टोलका बालबालिकालाई पढाइभन्दा घाँसको चिन्ता (फिचर)
७. उम्मेदवार छनोट गर्न ठूला संगठनलाई गाह्रो
८. चार हजार स्कुलको निर्माण अनिश्चित
९. विनाअनुमति कक्षा थप्छन् निजी विद्यालय

अन्नपूर्ण पोष्ट

१. २५ विद्यालय व्यवस्थापन समितिविहीन
२. परीक्षाको नाममा दुईथरी शुल्क
३. विद्यालय आउनजानमै बित्छ चार घण्टा
४. कहिले बन्छन् विद्यालय ?
५. सुनसान विद्यालय
६. विद्यार्थी घटे, शिक्षक बढे
७. खेल्ने पढ्ने  उमेरमा दाम्लोको बन्धन (फिचर)
८. दिउँसो स्कुल जान्छन्, राति रिक्सा चलाउँछन् (फिचर)
९. आफ्ना लागि स्यानिटरी प्याड बनाउँछन् छात्रा (फिचर)
१०. पढ्ने उमेरका बालबालिका जेलमा (फिचर)
११. दुबै हात गुमेपछि खुट्टाले लेख्दै बालिका (फिचर)
१२. चाली जोगाउँदै शिक्षक (फिचर)
१३. पढ्ने उमेरमा भागेर बिहे (फिचर)
१४ भेटीको भरमा विद्यालय (फिचर)
१५. विद्यार्थी तान्दै दुर्गमका विद्यालय (फिचर)
१६. झरनामा हीरा खोज्न जाँदा (फिचर)
१७. पढाइ खर्च जुटाउन गीत गाउँदै दृष्टिविहीन (फिचर)